**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 7, Volume 7, Issue 1, December 2025
Published by Sotang Public Campus

# महापुरुषको सङ्गत निबन्धमा हास्यरस

**केशव सुवेदी**

*Article History : Submitted 16 Jan. 2025; Reviewed 13 Feb. 2025; Accepted 25 March 2025*
*Author : Keshab Subedi Email:*
*DOI: https://doi.org/10.3126/sotang.v7i01.89321*

**लेखसार**

*रससिद्धान्तका सापेक्षतामा हास्यरसको प्रयोगका सन्दर्भमा महापुरुषको सङ्गत निबन्धमा विभाव, अनुभाव र सञ्चारी भावहरूको प्रयोग के कसरी भएको छ र त्यसले निबन्धमा हास्यरस उत्पन्न गर्न के कस्तो भूमिका निर्वाह गरेको छ भन्ने मुख्य समस्यामा केन्द्रित रही गरिएको यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । यसमा पुस्तकालय कार्यबाट प्राथमिक तथा द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ र विश्लेषणका लागि पाठविश्लेषणात्मक विधि अवलम्बन गरी अध्ययन गरिएको छ । यसमा आवश्यकतानुसार निगमनात्मक एवम् आगमनात्मक विधि प्रयोग गरिएको छ । विश्लेषित 'महापुरुषको सङ्गत' निबन्धमा समाजले महापुरुष ठानेका व्यक्तिका विकृत भेषभूषा, बोली आचारव्यवहार र विसङ्गत चरित्रलाई आलम्बन बनाइएको छ र बाहिर असलजस्ता देखिए पनि व्यवहारतः उनीहरू खराब छन् भन्ने भाव व्यक्त गरिएको छ । तिनै खराब चरित्रप्रति व्यङ्ग्यगरी हास्यरस उत्पन्न हुने गरी लेखिएको यो निबन्ध हास्यरस र रसाभासको प्रयोगका कारण निकै रोचक, मार्मिक र रमणीय बन्न पुगेको निष्कर्ष निकालिएको छ । यस लेखबाट पाठकहरूले रसविश्लेषणको ढाँचा प्राप्त गर्नाका साथै कुनै कृतिभित्र अन्तर्निहित रससामग्री र तिनको प्रयोग एवम त्यसबाट उत्पन्न रसको आस्वादन गर्नसमेत उपयोगी हुने अपेक्षा गरिएको छ ।*

**शब्दकुञ्जी :** *अनौचित्य, केशविन्यास, चेष्टा, पुनरावृत्ति, वैपरीत्य, रसाभास, स्थायीभाव*

**विषयपरिचय**

प्रस्तुत लेख भैरव अर्यालद्वारा लिखित 'महापुरुषको सङ्गत' निबन्धको हास्यरसपरक अध्ययनमा केन्द्रित छ । भैरव अर्याल प्रसिद्ध हास्यव्यङ्ग्यनिबन्धकार हुन् । 'सिंहनाद' पत्रिका (पौष २०२०) मा प्रथम पटक प्रकाशित यो निबन्ध उनको 'जयभुँडी' निबन्धसङ्ग्रहमा सङ्कलित छ । यसमा गृहीत निबन्धलाई पूर्वीय साहित्यशास्त्रको रससिद्धान्तअन्तर्गत पर्ने हास्यरसका आधारमा विश्लेषण गरिएको छ । २०१३ सालमा 'खोलापारिका पुरेत बाजे' निबन्ध 'हालखबर' पत्रिकामा प्रकाशित भएपछि  औपचारिक रूपमा उनको निबन्धयात्रा सुरु भएको थियो । उनका काउकुती (२०१९), जयभुँडी (२०२२), गलबन्दी (२०२६), इतिश्री. (२०२८), दस औतार (२०३३) र टेढो ऐना (२०६३) जस्ता हास्यव्यङ्ग्यात्मक निबन्धसङ्ग्रह प्रकाशित छन् । उनका 'टेढो ऐना' बाहेकका निबन्ध सङ्ग्रहहरूलाई भैरव पुरस्कार गुठीले २०६० सालमा 'भैरव अर्यालका हास्यव्यङ्ग्य' शीर्षकमा सङ्ग्रहित गरेको छ ।

यस लेखमा विषयवस्तुको विश्लेषणका लागि संस्कृत साहित्यशास्त्रको रससिद्धान्तमा स्थायी भाव 'हास' भएको रस हास्यरसलाई सैद्धान्तिक पर्याधार बनाइएको छ । कुनै व्यक्ति वा वस्तुको अनौठो पोसाक, असाधारण आकार वा हास्यास्पद इसाराहरू देख्दा वा पढ्दा पाठकका हृदयमा आनन्द र विनोदको भावना उत्पन्न हुन्छ । साहित्यिक कृतिमा कुनै व्यक्ति वा वस्तुको चाल, भेषभूषा, बोली वा क्रियाकलाप असाधारण र हास्यास्पद हुन्छ त्यसलाई देख्दा, पढ्दा वा सुन्दा दर्शक वा पाठकको हृदयमा हाँसो र आनन्दको भावना जागृत हुन्छ । यो हास विभाव (कारण), अनुभाव (अभिव्यक्ति) र सञ्चारी भाव (क्षणिक भावना) द्वारा पुष्ट भएर जब रस सिर्जना हुन्छ त्यसलाई हास्य रस भनिन्छ । हास्य भन्नासाथ व्यङ्ग्य पनि सँगसँगै आउने हुँदा नेपाली बृहत् शब्दकोशले हास्यव्यङ्ग्यका तीनवटा अर्थ दिएको छ- "छेडखानका साथै हाँसो उठाउने काम-कुरो, हँसाउने र छेडपेच हान्ने काम; साहित्यमा यथार्थ तर अनुचित काम-कारबाहीमाथि हँसाउने गरी गरिने व्यङ्ग्य । साहित्यमा हास्यव्यङ्ग्य विशेषत: कथा, कविता, निबन्ध आदिका माध्यमबाट व्यक्त गरिन्छ । 'महापुरुषको सङ्गत' निबन्धमा हास्यरसको प्रयोगको अवस्था के कस्तो छ भन्ने विषय यस लेखमा मूल समस्याका रूपमा रहेको छ । यसै गरी यसको विषयगत  सीमा 'महापुरुषको सङ्गत' निबन्ध हो भने सैद्धान्तिक सीमा रससिद्धान्तअन्तर्गतको हास्यरस हो ।

**सैद्धान्तिक आधार : रससिद्धान्तका सन्दर्भमा हास्यरस**

पूर्वीय साहित्यशास्त्रमा प्रतिपादित हास स्थायी भाव भएको हास्यरस नवरसमध्ये सर्वाधिक सुखात्मक रस हो । भरतमुनि हास्यरसलाई शृङ्गारकै अनुकृति मान्दछन् (नाट्यशास्त्र ६।४०) । हास्यरसको स्थायीभाव हास हो । साहित्यदर्पण (१।१७६) मा वाणी, रूप आदिका विकार देखेर चित्त विकसित हुनु हास हो । पण्डितराज जगन्नाथको कथन छ : वाणी एवम् अङ्गहरूका विकार देख्दा उत्पत्ति हुनु र मुस्कुराउनु हास हो । भरतका भनाइमा अरूका चेष्टाको अनुकरणद्वारा हास उत्पन्न हुन्छ र यो स्मितहास र अतिहसित हासद्वारा व्यञ्जित हुन्छ । हास्यरसको स्थायीभाव हास हो भने आचार, व्यवहार, केशविन्यास, नाम तथा अर्थ आदिका विकृति विभाव हुन् । विकृत वेषालङ्कारभित्र धृष्टता, लुलोपन, झगडा, असत्प्रलाप,

व्यङ्ग्यदर्शन, दोषोदाहरण पनि यसैअन्तर्गत पर्दछन् । ओष्ठदंशन, नाक र गाला फर्फराउनु, आँखा खुम्च्याउनु, पसिना आउनु आदि अनुभावद्वारा हास्य सिर्जना हुन्छ । यसमा व्यभिचारी भावका रूपमा आलस्य, अवहित्था, तन्द्रा, निद्रा, स्वप्न, प्रबोध, असूया (ईर्ष्या र निन्दामिश्रित) अश्रु, हर्ष, कम्प, स्वेद, चपलता इत्यादि भावहरूद्वारा हास स्थायी भाव सञ्चरित भई हास्यरस परिपुष्ट हुने गर्दछ । अभिनवगुप्त सबै रसहरूको आभास अर्थात् रसाभासको उत्पत्तिको कारक हास्यरसलाई मान्दछन् । यसप्रकार करुण, बीभत्स आदि रसहरूबाट पनि विशेष परिस्थतिमा हास्य रसको उत्पत्ति हुन सक्छ (अभिनवगुप्त, पृ. २९७) किनभने विकृतिका साथै अनौचित्यलाई पनि हास्यको उत्पत्तिको कारक मानिन्छ । यसमा हाँसो पैदा भए पनि अनौचित्यका कारण त्यहाँ तत् तत् रसाभासको अवस्था सृजना हुन्छ । यस्तो अनौचित्य अनेक प्रकारको हुन्छ । अशिष्टता र वैपरीत्य पनि अनौचित्यअन्तर्गत नै पर्दछन् ।

**विश्लेषणको ढाँचा**

महापुरुषको सङ्गत निबन्धमा हास्यरस शीर्षकको प्रस्तुत लेख भैरव अर्यालद्वारा लिखित 'महापुरुषको सङ्गत' निबन्धमा निहित हास्यरसपरक अध्ययन गर्नका लागि रससिद्धान्तका आधारमा विश्लेषण ढाँचा निर्माण गरिएको छ । ती यसप्रकार छन् :

(क) वाणी, रूप र अङ्गहरूका विकार एवम् अरूका चेष्टाको अनुकरणगत विकृत पक्ष

(ख) आचार व्यवहारगत विकृत पक्ष

(ग) नाम, अर्थ, वर्ण र शब्द आदिका विकृत पक्ष

(घ) अशिष्टता र वैपरीत्यका रूपमा हास्य

(ङ) रसाभासका रूपमा हास्य

उपर्युक्त ढाँचाका आधारमा नै यहाँ 'महापुरुषको सङ्गत' निबन्धको विश्लेषण गरिएको छ ।

**महापुरुषको सङ्गत निबन्धमा हास्यरस**

प्रस्तुत लेखमा 'महापुरुषको सङ्गत' निबन्धमा हास्यरसको विश्लेषण गरिएको छ । साहित्यिक सिर्जनामा कुनै व्यक्ति वा वस्तुको चाल, भेषभूषा, बोली वा काय वा चेष्टा, असाधारण विकृत वा हास्यास्पद हुन्छ, त्यसलाई देख्दा, पढ्दा वा सुन्दा दर्शक वा पाठकको हृदयमा हाँसो र आनन्दको भावना जागृत भई विभाव (कारण), अनुभाव (अभिव्यक्ति) र सञ्चारी भाव (क्षणिक भावना) द्वारा पुष्ट भएर जब रसको रूप धारण गर्दछ त्यसलाई हास्यरस भनिन्छ भने 'महापुरुषको सङ्गत' निबन्धमा त्यस्तो हास्यरसको प्रयोगको विश्लेषणका लागि (क) वाणी, रूप र अङ्गहरूका विकार, अरूका चेष्टाको अनुकरणगत विकृत पक्ष (ख) आचार व्यवहारगत विकृत पक्ष (ग) नाम, अर्थ, वर्ण र शब्द आदिको विकृत (घ) अशिष्टता र वैपरीत्यका रूपमा हास्य तथा (ङ) रसाभासका रूपमा हास्य जस्ता उपकरणहरू निर्माण गरी हास्यरसको विश्लेषण गरिएको छ ।

**वाणी, रूप र अङ्गहरूका विकार, अरूका चेष्टाको अनुकरणगत विकृत पक्ष :**

'महापुरुषको सङ्गत' निबन्धमा हास्यरसअन्तर्गतको वाणी, रूप र अङ्गहरूका विकार, अरूका चेष्टाको अनुकरणगत विकृत पक्षहरूको चित्रणद्वारा पाठकमा हाँसो सिर्जना गर्ने वा कृतिमा हास्य उत्पन्न गर्ने कार्य भएको छ । साहित्यिक सिर्जनामा कुनै व्यक्ति वा वस्तुको चाल, भेषभूषा, बोली वा कार्य वा चेष्टा असाधारण, विकृत वा हास्यास्पद हुन्छ, त्यसलाई देख्दा, पढ्दा वा सुन्दा दर्शक वा पाठकको हृदयमा हाँसो र आनन्दको भावना जागृत हुने गर्दछ । भैरवका निबन्धमा विभावका वाणी, रूप, अङ्गविकार एवम् अरूका चेष्टा वा बोलीको अनुकरणका विकृत पक्षका माध्यमबाट हास्य सिर्जना भएका केही दृष्टान्त यसप्रकार छन् :

तथ्य १

> हाम्रा भेगका लम्बरी पण्डित पनि त महापुरुषै हुन् । उनका नामै मात्र हुँदा हुन् १०८ । कुराकानी गर्दा प्रत्येक वाक्यमा 'जो छन् सो' जोड्ने हुँदा कोही उनलाई 'जो छन् सो पण्डित' भन्थे । "घिउ चिनीबिनाको खाना बोक्सीको दाना" भन्ने उनको सिद्धान्त भएकाले कोही उनलाई 'घिउ चिनी बाजे' पनि भन्थे । यस्तै दाँत उछिट्टिकोले केटाकेटीहरू 'दन्तुरे बा' भन्थे त खुट्टो अलि खोच्याउने हुनाले ठिटाठिटीहरू भन्थे 'खुन्तुरे बुढा । जजसले जे भने पनि उनी थिए धर्मशास्त्रका नम्बरी पण्डित (अर्याल, २०३३, पृ. ३२) ।

तथ्य २

> मैले पाउलागी गरेपछि मन्डी फालेर रामनामीमा बेह्रिँदै चिप्लो स्वरमा सोधे-"कताबाट जो छन् सो आइस् त नानी ! तीर्थवर्त जो छन् सो त केही आँटिनस् ? (पृ. पूर्ववत् ) ।

तथ्य ३

> आलपिनले दाँतको लुई कोट्याउँदै उनी भन्न थाले- "कहाँ भन्नुहुन्छ तपाईंको मन्त्र चलाउने ल्याकत र हिम्मत भएको मान्छेलाई तपाईंको दर्जा परिरहेछ चानचुने । त्यसैले तपाईंको काम गर्ने जाँगर चल्दैन ।" (पूर्ववत्, पृ. ४२) ।

माथिका उदाहरणमध्ये तथ्य १ मा आफूबाहेकका अन्य लम्बरी पण्डितको रूप र वाणीका अनौठा पक्षलाई आलम्बन अर्थात् हाँसो उत्पत्तिको कारण बनाइएको छ । कुराकानी गर्दा प्रत्येक वाक्यमा 'जो छन् सो' जोड्ने र कोही उनलाई 'जो छन् सो पण्डित' भन्ने कथन होस् वा 'घिउ चिनीबिनाको खाना बोक्सीको दाना' भन्ने हुँदा कोही उनलाई 'घिउ चिनी' बाजे भन्ने सन्दर्भ होस् यी कथनमा उनका वाणी र चेष्टाको अनुकरण छ । "यस्तै दाँत उछिट्टिएकोले केटाकेटीहरू 'दन्तुरे बा' भन्थे त खुट्टो अलि खोच्याउने हुनाले ठिटाठिटीहरू भन्थे खन्तुरे बुढा" भन्ने लगायतका कथनमा बुढाका चेष्टा र रूपको अनुकरण छ भने यी लम्बरी पण्डित विभावका अनुभाव हुन् । यसै गरी उनका यी विकृत रूप तथा वाणीका विभाव र अनुभावपश्चात् पाठकका मनमा उठ्ने मनको प्रसन्नताको भावले हर्ष र अब त्यसपछि महापुरुषका रूपमा

चाहनाको अधैर्यका कारण उत्सुकता जस्ता सञ्चारी भाव हुँदै यसले हास स्थायी भावमार्फत हास्य रस पैदा गरेको छ ।

माथिको तथ्य २ मा पनि उनै पण्डितको रूप र वाणीका विकृत पक्ष विभाव हुन् भने मन्डी फालेर रामनामीमा बेह्रिँदै चिप्लो स्वरमा "कताबाट जो छन् सो आइस् त नानी ! तीर्थवर्त जो छन् सो त केही आँटिनस्" भनेर सोध्ने कार्य अनुभाव हो । यसमा पण्डितको बाह्य रूप एक खालको र भित्री रूप अर्को खालको भएका कारण पाठकलाई रमाइलो लाग्नु हर्ष भाव हो भने अब यसपछि यी पण्डितले के भन्लान् भनी पाठकमा सुन्ने अधैर्य सिर्जना हुनु उत्सुकता हो । यसरी उपर्युक्त विभाव, अनुभाव, सञ्चारी भाव हुँदै यसबाट पाठकले हास्यरसको आस्वादन गर्न सक्ने भएका कारण यसमा हास्यरस विद्यमान छ ।

माथिको तथ्य ३ मा हुक्के सुब्बा र तिनका विकृत कुरा आलम्बन हुन् भने आलपिनले दाँतको लुई कोट्ट्याएको जस्तो चेष्टा र वाणीको अनुकरणका कारण त्यहाँ अनुभाव सिर्जना भएको छ । हुक्के सुब्बाको त्यस्तो बानी र आदत देखेर पाठकमा एक प्रकारको आनन्द वा प्रसन्नता पैदा हुनु सञ्चारी भाव हो । यी भावहरूका माध्यमबाट हास रतिभाव हुँदै यस कथनबाट पाठकले हास्यरसको आस्वादन गर्ने भएकाले यसमा हस्यरस विद्यमान छ । यस निबन्धमा वाणी, रूप र अङ्गहरूका विकार एवम् अरूका चेष्टाको अनुकरणगत विकृत पक्षबाट हास्य सिर्जना भएका थप उदाहरण यसप्रकार छन् :

> यसरी दुईतिरबाट निराश भएपछि मैले निश्चय गरेँ- गोपी गुरुकै गोडा किन नसमातूँ ! सक्कली महापुरुष उनी पो त ! राधाको भैँ सिउँदो, रुक्मिणीको भैँ अलख टुपीमा अत्तर, जुँघामा कलप, गलामा सिक्री, गालामा फा: गुरुजीको पैह्रन धोती र दोसल्ला । कलिमा जन्मेर मात्रै अलि लीला बढ्न सकेन, द्वापरमा जन्मेका भए कृष्ण माथिका उपरकृष्ण हुन्थे होलान् हाम्रा गोपी गुरु (पूर्ववत्, पृ. ३५) ।

> चुच्चेचुच्चे अनुहारका चरिचुच्चे काजीलाई नचिन्ने मान्छे बिरलै होलान्: उनी के हुन् त भन्ने भन्दा के होइनन् त भन्ने प्रश्न पहिले उठ्छ (पूर्ववत्, पृ. ३९) ।

**आचारगत-व्यवहारगत विकृत पक्ष :**

समाजमा जुन व्यक्ति जुन सामाजिक प्रतिष्ठायुक्त पद वा आसनमा छ त्यो व्यक्तिले त्यो आसनबाट गर्नुपर्ने आचरण भन्दा विकृत-विसङ्गत आचरण गर्दा पैदा हुने हास्य चाहिँ आचार व्यवहारगत विकृत पक्षबाट सिर्जित हास्य हो । सामाजिक सम्बन्धहरूमा अरूहरूका साथ गरिने व्यवहार आचरण हो । 'महापुरुषको सङ्गत' निबन्धमा समाजमा महापुरुष भई चिनिएका व्यक्तिभित्रको आचार र व्यवहारगत विकृत पक्षबाट पैदा हुने हास्य प्रचुर मात्रामा पाइन्छ । त्यसका केही तथ्य यसप्रकार छन् :

तथ्य ४

> महापुरुष प्रकट हुनाको कारण खोतल्दै थिएँ- उनले बालीको कुरा झिकेर आफैँलाई हपार्न थाले बा ! आडमा गेरुवा रेसम, हातमा बेरुआ औँठी लगाएका महात्मालाई मैले तिर्नुपर्ने पाँच पाथी

धानको त्यत्रो मोह ! तैपनि मैले आफ्नो मनको बह फोएँ, ज्ञानको निम्ति रोएँ, अनि आफ्ना महापुरुषार्थहरू उनले मलाई निकै सुनाए (पूर्ववत्, पृ. ३४) ।

तथ्य ५

म चाहिने जो तपाईंकहाँ आउँदै थिएँ, चाइने जो म बद्री दर्शन गर्न चाहिने जो जाने अठोट गरेको छु, चाहिने जो पशुपतिको जात्रा सिद्राको बेपार भन्दछन्, चाहिने जो दुई चारवटी केटीहरू पाए चाहिने जो नोकरी लाइदिन्छु भनेर ल्याइदिनु भए चाहिने जो जो मिलेको आधाआधी गरौँला ।" .... चाहिने जो लक्ष्मीको ध्यान गर्नेले चाहिने जो मौकामा गाई पनि मार्नुपर्छ, भाइ पनि मार्नुपर्छ । चाहिने जो बिरालीको घिउ बेचेर भए पनि बुहारीको जिउ बेचेर भए पनि चाहिने जो ढुकुटी भर्नुपर्छ बाजे यस कालमा !" (पूर्ववत्, पृ. ३६) ।

माथिको तथ्य ४ मा महापुरुषका नाममा समाजमा चिनिएका सन्यासीका विकृत आचरण र व्यवहार आलम्बन हुन् । "आङमा गेरुवा रेसम, हातमा बेरुआ औँठी लगाएका महात्मालाई मैले तिनुपर्ने पाँच पाथी धानको त्यत्रो मोह" मा आएको 'धानप्रतिको मोह र मोहियानी धाक' यसको अनुभाव हो । ज्ञान लिन आएका भक्तसँग तल्सिङ बनेर उल्टै धान मागेको सन्दर्भले पाठकमा पैदा हुने मनको प्रसन्नता वा रमाइलो यसको हर्ष भाव हो भने अब यसपछि यी पाखण्डीले के भन्छन् भन्ने भयपूर्ण उत्सुकता यसको अर्को सञ्चारी भाव हो । रसका यी सामग्रीहरू क्रमिक रूपमा आएर हाँसोलाई परिपुष्ट पारेका कारण यसमा आचार-व्यवहारगत विकृतिजन्य हास्यरस विद्यमान छ ।

माथिको तथ्य ५ मा पनि विकृत आचार र व्यवहार गरेर धनार्जन गर्ने साहु यसको आलम्बन हो । साहुले पैसा कसरी कमाउनुपर्छ र कसरी रातारात धनी हुन सकिन्छ भनेर सुझाएका कथन अनुभाव हुन् । महापुरुष मानेको साहुले आर्जन गर्ने तरिका सुनेर विचित्रताको अनुभूति र रमाइलो लाग्नु यसको हर्ष भाव हो भने यसले अरू कति कति कुकर्म गऱ्यो होला भनेर जिज्ञासा पैदा हुनु औत्सुक्य भाव हो । यी विभाव, अनुभाव र सञ्चारी भाव हुँदै पाठकले हास्यरसास्वादन गर्ने हुँदा यसमा आचारव्यवहारगत विकृतिबाट सिर्जित हास्यरस विद्यमान छ । 'महापुरुषको सङ्गत' निबन्धमा यस्तो हास्यरस भएको अर्को उदाहरण हेरौँ :

तै अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ भने झैँ एउटा कोठामा झुलुक्क देखिए हुक्के सुब्बा । हुन त उनी अहिले सुब्बा मात्र होइन, सुब्बाभन्दा माथिका उपरसुब्बा भइसकेका थिए । तर उहिल्यै सिमसिमे मन्त्रीको पालामा उनको हुक्का समातेर सेवा गरेबापत एकै पटक सुब्बाङ्गी पाएकाले अझै उनलाई भन्थे हुक्के सुब्बा । हात मल्न र हस् बोल्नमा उनको नाम चार भन्ज्याङभरि प्रख्यात थियो । त्यसैले आफ्ना लोकदेखि ससुराली लोकसम्म हुक्के सुब्बा आए भनेपछि गरिबगुरुवा, राँडी, विधवा, सबै थर्कमान हुन्थे (पूर्ववत्, पृ. ४१ ) ।

**नाम, अर्थ, वर्ण र शब्द आदिको विकृत पक्ष :**

नाम, अर्थ, वर्ण र शब्दको प्रयोगबाट हास्य उत्पन्न गर्न भाषालाई मिहिन ढङ्गले शब्द-खेल या शब्दका अर्थमा र त्यसका सन्दर्भ-आधारित अर्थहरूका बिच विरोधाभास वा वैचित्र्यको उपयोग गरिन्छ । यस्तो सौन्दर्य प्राय: शब्दहरूको ध्वन्यावृत्ति र वर्णसमानान्तरतामा आधारित हुन्छ । एक शब्दको अर्थका लागि अर्को शब्दको प्रयोगबाट पनि हास्य उत्पन्न हुन्छ यसका लागि अपेक्षित अर्थ हटेर त्यसबाट अनपेक्षित या व्याङ्ग्यात्मक अर्थ निस्कन्छ । यस्तो अर्थबाट अन्योल वा आश्चर्य पैदा भई हास्य सिर्जना हुने गर्दछ । 'महापुरुषको सङ्गत' निबन्धमा हास्यको यस्तो रूप प्रचुर भेटिन्छ । जस्तै :

तथ्य ६

> उनका पनि त नाम थुप्रै थिए। सन्तान नभएका आईमाईलाई सन्तान हुने जन्तर बाँध्नमा प्रख्यात भएकाले धेरै उनलाई 'सन्तान गिरी' भन्थे । तर कोही चाहिँ बाली उठाउन घर घर हिँड्ने हुँदा 'फटफटानन्द' भन्थे त कोही पार्टी प्रचारमा गाउँ गाउँ चाहार्ने हुँदा 'चटपटानन्द' पनि भन्ने गर्दथे । वास्तवमा उनको सक्कली नाम थियो- स्वामी सद्‌गुणानन्द षड्शास्त्रोपाध्याय । उनको खान्की जग्गाको सानु टुक्रा आफूले पनि कमाएकाले आफ्नो त साक्खै तल्सिङ पनि (पूर्ववत्, पृ. ३४) ।

माथिको तथ्य ६ मा नाम, अर्थ, शब्द र वर्णको चामत्कारिक प्रयोगबाट हास्यको सिर्जना गरिएको छ । यहाँ आएका 'सन्तान गिरी' 'फटफटानन्द' 'चटपटानन्द' 'स्वामी सद्‌गुणानन्द षड्शास्त्रोपाध्याय' जस्ता नाममा एकातिर महापुरुष भनिने व्यक्तिका विकृत कर्मका आधारमा राखिएका नामका कारण हास्य पैदा भएको छ भने अर्कातिर 'फटफटानन्द' 'चटपटानन्द' नाममा वर्ण पुनरावृति वा अनुप्रासजन्य चमत्कारका कारण हास्य सिर्जना भएको छ. । त्यसै गरी स्वामी सद्‌गुणानन्द षड्शास्त्रोपाध्याय नाममा नाम चाहिँ स्वामी, सद्‌गुणानन्द र षड्शास्त्रोपाध्याय हुनु तर अर्थ र काम चाहिँ ठिक त्यसका विपरीत हुने जस्तो विरोधाभास सौन्दर्यमार्फत हास्य पैदा गरिएको छ । यहाँ स्वामी चाहिँ आलम्बन र उनका जन्तर बाँध्ने र बाली उठाउन फटाफट हिँड्ने जस्ता अनुभावका साथै त्यस्ता व्यक्तिका नाममा निहित वर्णावृत्तिले रमणीयता सिर्जना गरेकाले हर्ष सञ्चारीभाव तथा तिनका अरू कर्मका बारेमा जिज्ञासा पैदा हुने भएकाले उत्सुकता जस्ता सञ्चारीभाव हुँदै हास्यरस पैदा भएको छ । 'महापुरुषको सङ्गत' निबन्धमा यस्ता थुप्रै उदाहरण भेटिन्छन् । जस्तै :

> उनका बाबु थिए गणपति दाहाल बाजे भनेपछि निष्ठाकर्ममा नेपाल वर्णाएका । उनैका छोरा हिन्दुस्तान छउन्जेल दाहालबाबु भनिन्थे, अहिले अमेरिका गएपछि मिस्टर ड्याहाल बौ भएर फर्केछन् (पूर्ववत्, पृ. ३७) ।

**अशिष्टता र वैपरीत्यका रूपमा हास्य :**

अशिष्टता र वैपरीत्य दुवैबाट हास्यको उत्पत्ति हुन्छ जसलाई विसङ्गति भनिन्छ । विसङ्गति सिद्धान्तका अनुसार मानिसको मस्तिष्कले अपेक्षा गरेको कुरा वा ढाँचासँग मेल नखाने गरी अर्थात्

अप्रत्याशित, अनौठो वा विसङ्गतिपूर्ण घटना घटेपछि वा अर्थ उद्घाटित भएपछि हास्य पैदा हुन्छ । अशिष्टता वा वैपरीत्यले शब्दको अपेक्षित वा कोशीय वा सोझो अर्थसँग मेल खाँदैन । परिणामस्वरूप आश्चर्य र हास्य उत्पत्ति हुन्छ । विभावादिबाट हुने त्यही बोली तथा भेषभूषाका साथै आचार र व्यवहारगत विसङ्गति वा विकृति वैपरीत नै हो । यो पनि हास्य सिर्जनाको एक प्रमुख र प्रभावकारी तरिका हो । 'महापुरुषको सङ्गत' निबन्धमा यस्तो हास्यका थुप्रै नमुना देख्न सकिन्छ ।

तथ्य ७

> गाहकीले साह्रै बूढो भएकाले ४५ देखि दिन नसक्ने राय प्रकट गरेपछि बूढाले च्याँद्धिएर कुरा थपे- "अलि बूढो भए पनि जो छन् सो गुज्राँतीको खच्चड हो ! कसो नानी ?" आफ्नो मुखतिर तोकेर सही मागेपछि मैले पनि बोल्नै पर्‍यो । भनिदिएँ- "यस्ता ऋषिजस्ता महापुरुषले पनि ५ रुपियाँको निम्ति झूटो बोल्छन् ? गोरु जातकै हो ।" गाहकी भन्दथ्यो- "यो गोरुको पनि दाह्रीजुँघा हुँदो हो ता बाजे जस्तै ऋषि देखिन्थ्यो होला ।" यो सुनी रन्किएर भैँसीलाई भुसा कोच्याउँदै उच्चा स्वरले चतु:श्लोकी भागवत पाठ गर्न थाले, मचाहिँ जुरुक्क हिँडे घरतिर (पूर्ववत्, पृ. ३३-३४) ।

माथिको तथ्य ७ मा "यस्ता ऋषिजस्ता महापुरुषले पनि ५ रुपियाँको निम्ति झूटो बोल्छन्" भन्ने कथनमा महापुरुषका विकृत चरित्रको वर्णन छ र त्यो वैचित्र्य र वैपरीत्यमा आधारित छ किनभने यहाँ मानिसका दिमागले अपेक्षा गरेको ऋषिजस्ता महापुरुषले झुटो बोल्न हुन्न भन्ने उपदेश दिने कुरा वा ढाँचासँग मेल नखाने गरी अर्थात् "५ रुपियाँका निम्ति झुटो बोल्ने" जस्तो अप्रत्याशित, अनौठो वा विसङ्गतिपूर्ण त्यस्तो अर्थ उद्घाटित भएपछि हास्य पैदा भएको छ । यसमा पनि आलम्बनका रूपमा रहेका ती महापुरुषका सामाजिक चरित्र र उनको वास्तविक व्यवहारका बिच विसङ्गति वा विकृति देखिनु र त्यसअनुसारका कर्मले उद्दीपनका रूपमा काम गरेका छन् । महापुरुषजस्ता व्यक्तिले उल्टो कर्म गर्दा अभिव्यक्त रमणीयताले पाठकका मनमा हर्षभाव जागृत हुने र तिनका थप कथनमा अझ के कस्ता विकृति होलान् भनी जिज्ञासा तीव्र बन्नु उत्सुकता जस्ता सञ्चारी भावले हास्यरसलाई निष्पन्नतातिर डोर्‍याएको पाइन्छ । यस निबन्धमा यस्ता अरू उदाहरण पनि छन् । जस्तै :

> छोरो पूजाचौकामा बसेर बूढा बाबुले भागवत राख्ने खटियामा पूजासामा हाल्ने तामाको प्लेट राखेर सन्जे भन्दा पानी अचाउने आचमनीले चिकेन पुलाउ खाँदै रहेछ । मलाई देख्नेबित्तिकै उसले पनि "ड्याडी ब्रेकफास्टमा, ममी बाथरुममा तपाईं एकछिन वेट गर्नुस्" भन्यो । म जिल्लिँदै थिएँ मिस्टर ड्यालबौ "आई सी" भन्दै ओर्ले (पूर्ववत्, पृ. ३७-३८) ।

**रसाभासका रूपमा हास्य :**

रससामग्रीमध्ये कुनै एक सामग्रीको अभाव हुँदा र रसको अनौचित्यपूर्ण प्रयोग हुँदा रसाभास र भावको अनौचित्यपूर्ण प्रयोग हुँदा भावाभास हुन्छ । रस अनुचित रूपले प्रवृत्त भयो भने रसाभास हुन्छ भने भाव अनुचित रूपले प्रवृत्त भयो भने भावाभास हुन्छ । रस र भाव अनुचित तरिकाले प्रवृत्त भए भने क्रमश:

रसाभास र भावाभास हुन्छ (विश्वनाथ, ३ : ३६२) । रसको अनौचित्य शास्त्रीय एवम् सामाजिक वर्जनाहरूमा अवलम्बित हुन्छ । अत: त्यसको निर्णय सहृदयाधीन छ (अवस्थी, सन् १९७२ : १५८) । रसको अनौचित्य भन्नाले भरत आदि आचार्यप्रणीत लक्षणहरूको पूर्णता नभएर एक भागमा मात्र सम्बद्ध हुनु उपलक्षण हो (विश्वनाथ, पूर्ववत्, ३ : ३६२) । यी भनाइबाट एकातिर अनुचित रूपले रस र भाव प्रवृत्त भएर रसाभास र भावाभास हुन्छ भने अर्कातिर रसनिष्पत्तिका लागि आवश्यक पर्ने विभाव, अनुभाव र व्यभिचारी भाव जस्ता लक्षणहरू पूर्ण रूपमा प्रयुक्त नभई रस प्रकट भएमा पनि रसाभास र भावाभास हुन्छ भन्ने बुझ्न सकिन्छ (शर्मा २०७२ पृ. ७८) । बीभत्स रसमा हास्य अनुचित हुन्छ तर यस्तो अनौचित्यबाट पनि हास्य सिर्जना गरियो भने त्यसलाई रसाभास भन्नुपर्दछ । अनौचित्यको उपस्थिति देश, काल र परिवेश सापेक्ष हुन्छ । जस्तै: बीभत्स रसमा हास्यरसको उपस्थिति अनुचित मानिन्छ । यस्तो अनौचित्यबाट सृजना हुने हास्यलाई रस नभनी रसाभास भनिन्छ । बीभत्समा हास्य पैदा गरी रसाभासको अवस्था सृजना भएका उदाहरण यस निबन्धमा मनग्गे पाइन्छन् । 'महापुरुषको सङ्गत' निबन्धमा बीभत्सतामा पनि हास्यको सिर्जना गर्ने रसाभास कला तलको साक्ष्यमा देख्न सकिन्छ । जस्तै:

तथ्य ८

> उनी मलाई बुझाउँदै थिए, नजिकै बाँधेको भैँसीले गोबर लतपतिएको पुच्छर हल्लाउँदै बुढाको मुखैमा छ्याप्प हानिदियो । हत्त न पत्त रामनामीले दाह्री पुछे, अकस्मात् हाँच्छिउँ आएर तमाखुका धूवाँले धँस्याएका जुँघामा नागपुरे पालिस थोपरिदियो । त्यही बेला एक जना गाहकी गोरु खोज्दै उनको गोठभित्र आइपुग्यो । जुँघा मुसार्दै बुढाले भने- "हिजो एक जना पिशाचकहाँ जो छन् सो सत्यनारायणको कथा भन्न गएको, अमिलो ट्वाक दही जो छन् सो खान दिएर रुघा जो छन् सो लागिसक्यो" (पूर्ववत्, पृ. ३३) ।

माथि तथ्य ८ मा बीभत्स रसमा हास्यको सिर्जना गरिएको छ । भैँसीले गोबर लतपतिएको पुच्छर हल्लाउँदै बुढाको मुखैमा छ्याप्प हानिदिएको, अकस्मात् हाच्छिउँ आएर तमाखुका धूवाँले धँस्याएका जुँघामा नागपुरे पालिस (सिँगान) थोपरिदिएको जस्ता कथनमा गोबर लतपतिएको पुच्छर र सिँगान जस्ता फोहोर वस्तुलाई आलम्बन बनाई हास्य सिर्जना गरिएको छ । यसरी बीभत्सका माध्यमबाट यहाँ हाँसो सिर्जना गरिएकाले रसाभासको स्थिति सिर्जना हुन पुगेको हो ।

**निष्कर्ष**

निबन्धकार भैरव अर्यालद्वारा विरचित 'महापुरुषको सङ्गत' निबन्धमा पूर्वीय साहित्यशास्त्रको रससिद्धान्तअन्तर्गतको एक प्रकारका रूपमा रहेको हास्यरस र उक्त रसका आभासहरूको समुचित प्रयोग पाइन्छ । यस निबन्धमा रससामग्रीको पूर्णता र उचित स्थानमा हास्य पैदा हुँदा हास्यरस निष्पन्नोन्मुखता एवम् रसामग्रीको अपूर्णता र अनुचित तरिकाले हास्य पैदा गर्दा रसाभासको अवस्था सिर्जना भएको देख्न सकिन्छ । अर्यालको यस निबन्धमा वाणी, रूप र अङ्गहरूका विकार तथा अरूका चेष्टाको अनुकरणगत

विकृत पक्ष, आचार व्यवहारगत विकृत पक्ष, नाम-अर्थ-वर्ण र शब्द आदिको विकृत पक्ष तथा अशिष्टता र वैपरीत्यका आधारमा हास्यको उपस्थिति भएको पाइन्छ भने बीभत्स रसमा हास्य पैदा गर्ने रसाभासजस्तो वैचित्र्य पनि उनको यस निबन्धमा देख्न सकिन्छ । समग्रमा रससिद्धान्तका सापेक्षतामा 'महापुरुषको सङ्गत' निबन्धमा हास्यरसको सम्यक् र सशक्त प्रयोग भएको निष्कर्षमा पुग्न सकिन्छ ।

## सन्दर्भसूची

अवस्थी, बच्चूलाल 'ज्ञान' (सन् १९७२). *ध्वनि सिद्धान्त तथा तुलनीय साहित्य चिन्तन.* मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

अर्याल, भैरव (२०३३). *जयभुँडी.* रत्नपुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद (२०६७). *पूर्वीय साहित्य सिद्धान्त.* (दोस्रो संस्क.) साझा प्रकाशन ।

द्विवेदी, दशरथ (सन् २००१). *रसाभिव्यक्ति.* विश्वविद्यालय प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (२०३१). *पूर्वीय काव्य-सिद्धान्त.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, गोविन्दप्रसाद (२०३९). *भरतको नाट्यशास्त्र (अनु).* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

विश्वनाथ (सन् २०१०). *साहित्यदर्पण.* चौखम्बा विद्याभवन ।

शर्मा, ऋषिराम (२०७२). *नेपाली रसपरिचय.* जुगल पब्लिकेसन प्रा.लि. ।

हेनरी बेगर्सन, ( सन् १९१३ ). *लफ्टर एन एस्से अन द मिनिङ्ग अफ द कमिक.* द माक्मिलन कम्पनी ।